नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नेपाल प्रहरी केनाईन कार्यालय**
(प्रशासन शाखा)

फो नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६
महाराजगंज, काठमाण्डौ।

पत्र सङ्ख्या:- १/२०८२/०८३
प्र.प.सं.:-

मिति:- २०८२ भदौ १२ गते।
ने.सं. ११४५

**विषय:- निष्क्रिय प्रहरी कुकुर स्वीकारकर्ता छनौट गरिएको सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"**बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"**बाट न्यूनतम मूल्य निर्धारण समेत भएको नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई स-शुल्क वितरण प्रयोजनार्थ आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नको निम्ति नेपाल प्रहरीको Website, यस कार्यालयको फेसबुक पेज तथा सूचना पाटी समेतबाट मिति २०८२/०४/२१ गते ७ (सात) दिने सूचना प्रकाशित भएकोमा स-शुल्क निष्क्रिय प्रहरी कुकुरहरु स्वीकारको लागि कुनै निवेदन प्राप्त नभएकाले मिति २०८२/०४/२९ गते नि-शुल्क वितरणको लागि पुन: ७ (सात) दिने सूचना प्रकाशित गरिएको र उल्लेखित समयसिमाभित्र नि-शुल्क स्वीकारको लागी प्राप्त निवेदनहरु मध्येबाट निष्क्रिय प्रहरी कुकुर वितरणको प्राथमिकता अनुसार तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागी स्वीकारकर्ता छनौट गरिएकाले लागी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिल बमोजिमका कागजात सहित निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागी नेपाल प्रहरी केनाईन कार्यालयमा उपस्थि हुनु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | निष्क्रिय प्रहरी कुकुरको | | | | स्वीकार कर्ता | कै. |
|---|---|---|---|---|---|---|
| | जात | नाम | लिङ्ग | उमेर | | |
| १. | जर्मन शेफर्ड | बिजुली | पोथी | ८ वर्ष | प्र.अ.म.नि. टेक बहादुर तामाङ | नि-शुल्क |
| २. | जर्मन शेफर्ड | म्याक | भाले | १० वर्ष | प्र.ना.म.नि. ओम बहादुर राना | नि-शुल्क |
| ३. | गोल्डेन रिट्रिभर | मोती | भाले | ११ वर्ष | प्र.ना.नि. उमेश भट्टराई | नि-शुल्क |

**निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्दा पेश गर्नु पर्ने कागजात:**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्र (सक्कल)।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टा (सक्कल)।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्र (सक्कल)।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामा (सक्कल)।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति

**(नोट: यो निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना "प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन) को "अनुसूची -२३" अनुसार तयार गरिएको छ।)**